**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालमा आफ्नो चुनाव प्रचार तीव्र बनाउंदै कुचबिहारमा एक विशाल जनसभालाई सम्बोधन गर्नु भएको छ।
- निर्वाचन आयोगले पश्चिम बंगालको पानीहाटी विधानसभा क्षेत्रका क्षेत्र सहायक अतनु चक्रवर्तीलाई उहाँको पदबाट हटाएको छ र उहाँलाई कारण बताउ जारी गरेको छ।
- दार्जिलिङ पहाडभरी आज इस्टरको पर्व धार्मिक आस्था अनि श्रद्धाको साथ मनाइयो।
- नेपालमा अवैध अनलाइन सट्टेबाजी विरुद्ध कारबाही गर्दै नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकहरूसँगको समन्वयमा अहिलेसम्म ७ हजारभन्दा धैरै सट्टेबाजीसँग सम्बन्धित एप्लिकेसन र वेबसाइटहरूलाई पूर्ण रूपमा बन्द गरेको छ।
- पश्चिम बंगालका धैरै जिल्लाहरूमा बिहीबारसम्म मेघगर्जनसहित वर्षा हुने पूर्वानुमान गरिएको छ।

**प्रधानमन्त्री कुचबिहार**

प्रधानमंत्री नरेन्द्र मोदीले आज कुचबिहारबाट राज्यमा आफ्नो पहिलो चुनावी जनसभा शुरू गर्नु भयो। रासमेला मैदानमा आयोजित यस विजय संकल्प सभामा अलिपुरद्वार तथा कूचबिहार जिल्लाका हजारों कार्यकर्ता र समर्थकहरू उपस्थित थिए। मंचमा प्रधानमंत्रीका साथ प्रदेश अध्यक्ष समिक भट्टाचार्य, केन्द्रीय मंत्री सुकान्त मजुमदार सहित धैरै सांसद बिधायक र पदाधिकारीहरू उपस्थित थिए। आजको यस विशाल जनसभालाई सम्बोधित गर्दै प्रधानमंत्रीले भन्नु भयो राज्यको जनताले भाजपामाथि धैरै विश्व गरिरहेको स्पष्ट देखिन्दैछ।

*Byte*

**पश्चिम बंगाल निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालको पानीहाटी विधानसभा क्षेत्रका क्षेत्र सहायक अतनु चक्रवर्तीलाई उहाँको पदबाट हटाएको छ र उहाँलाई दुर्व्यवहार र कर्तव्य पालनामा लापरवाहीको आरोपमा कारण बताउ जारी गरेको छ। श्री चक्रवर्ती एक विशिष्ट राजनीतिक दलको गतिविधिमा संलग्न रहेको रिपोर्टहरू प्राप्त भएपछि आयोगले यो कारबाही गरेको हो। अर्को घटनामा आयोगले कर्तव्य पालनामा लापरवाहीको आरोपमा मुर्शिदाबाद जिल्लाको बर्हमपुरका प्रभारी निरीक्षक विरुद्ध अनुशासनात्मक कारबाही पनि सुरु गरेको छ। यस बाहेक निर्वाचन आयोगले यही घटनाको सम्बन्धमा तृणमूल कांग्रेसका चार नेताहरू विरुद्ध कारबाही सुरु गरेको छ।

**निर्वाचन आयोग जब्ती**

निर्वाचन आयोगले भनेको छ कैयौं राज्यमा हुन गइरहेको आगामी विधानसभा चुनाव र उपचुनाव भन्दा अघि नकदी, शराब, नशालु पदार्थ र अन्य प्रलोभनहरूसित सबंधितबाट ६५० करोड़ रुपियाँ भन्दा अधिक पुगेको छ। निर्वाचन आयोगले एक बयानमा भनेको छ राज्यवार आंकड़हरूबाट थाहा पाईएको छ पश्चिम बंगालमा सबैभन्दा अधिक ३१८ करोड़ रुपियाँ अधिक जफत गरिएको छद्ययसपछि तमिलनाडुमा १७० करोड़ रुपियाँ, असममा ८७ करोड़ रुपियाँ, केरलमा ५८ करोड़ रुपियाँ र पुद्दुचेरीमा ७ करोड़ रुपियाँ जफ्त गरिएको छ। शिकायतहरूमा त्वरित कार्रवाई गर्नको लागि पांच हजार एक सौ भन्दा अधिक आकास्मिक निरीक्षण दल तैनात गरिएको छए जसलाई १०० मिनटभित्र कार्रवाई गर्ने आदेश दिइएको छ।

**मुख्यमन्त्री सुरक्षा चूक**

मुख्यमन्त्री ममता ब्यानर्जीले सम्बोधन गरेको चुनावी ऱ्यालीका क्रममा मालदा जिल्लाको समसी क्षेत्रमा हिजो भएको गम्भीर सुरक्षा चूकमा पुलिसले तीन जना व्यक्तिहरुलाई पक्राउ गरेको छ। हिजो मुख्यमन्त्रीको हेलिकप्टरको अगाडि अचानक ड्रोन उडिरहेको देखिएपछि ऱ्याली स्थलमा त्रास फैलिएको थियो। पुलिस सुत्र अनुसार पक्राउ परेका व्यक्तिहरू सबै बिहारको कटिहार जिल्लाका बासिन्दा हुन्। हिजो ऱ्याली समाप्त भएको केही समयपछि मुख्यमन्त्री आफ्नो हेलिकप्टरमा चढ्दै गर्दाए उहाँको नजिकै एउटा ड्रोन उडिरहेको देखिएको थियो। यो देखेपछि मुख्यमन्त्रीले आफ्नो असन्तुष्टि व्यक्त गर्नु हुँदै तुरुन्तै सुरक्षाकर्मीहरूलाई कडा कारबाही गर्न निर्देशन दिनु भएको थियो।

**मुख्यमन्त्री ईस्टर सन्देश**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज सामाजिक संजालमा ईस्टरको अवसरमा मानिसहरूलाई शुभकामना दिनु भएको छ। मुख्यमन्त्रीले आफ्नो यस सन्देशको माध्यमबाट मानिसहरूको लागि शान्ति, प्रेम र आशाको कामना गर्नु भयो उहाँले भन्नु भयो जसरी तपाईहरूले यो पर्व मनाइरहनु भएको छ, त्यसरी नै तपाईहरूले सदैव भगवानको असीम प्रेमलाई याद राखुन्। यस पर्वले तपाईहरूको हृदयलाई शान्ति अनि आगामी दिनको लागि आशाले भरिदेओस्।

**इस्टर**

दार्जिलिङ पहाडभरी आज इस्टरको पर्व धार्मिक आस्था अनि श्रद्धाको साथ मनाइयो। विभिन्न चर्चहरूमा ठूलो सङ्ख्यामा श्रद्धालुहरू भेला भएका थिए, बिहान देखि नै दार्जिलिङ, कलेबुंग र खर्सांगका प्रमुख चर्चहरूमा विशेष प्रार्थना सभा आयोजना गरियो।

*Byte*

**नेपाल बेटिङ साइट प्रतिबन्धित**

नेपालमा अवैध रूपमा बढिरहेको अनलाइन सट्टेबाजी विरुद्ध सरकारले ठूलो डिजिटल अभियान शुरु गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकहरूसँग प्राविधिक समन्वय गर्दै अहिलेसम्म ७ हजारभन्दा धेरै सट्टेबाजीसँग सम्बन्धित एप्लिकेसन र वेबसाइटहरूलाई पूर्ण रूपमा बन्द गरेको छ। मन्त्रिपरिषद्को बैठकमा स्वीकृत १०० बुँदे शासकीय सुधार कार्यसूचीको बुँदा नम्बर ४२ लाई कार्यान्वयन गर्ने क्रममा प्राधिकरणले यो कठोर कदम चालेको हो। यस निर्णयमा सट्टेबाजी सम्बन्धी सबै डिजिटल प्लेटफर्महरूलाई २४ घण्टाभित्र पहिचान गरी बन्द गर्ने प्रावधान थियो। नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार विगत एक हप्तामा मात्र इमेलए टेलिफोन र सन्देश मार्फत अनलाइन सट्टेबाजी सम्बन्धी ५० भन्दा धेर उजुरीहरू प्राप्त भएको थियो। नेपालको कानूनमा अनलाइन सट्टेबाजी गम्भीर अपराध मानिएको छ।

**एलपीजी बुकिङ**

सरकार देशभरी पेट्रोलए डीजल अनि एलण्पीण्जी.को उपलब्धता बनाइ राख्नको निम्ति सबै प्रयास गरिरहेको छ। सरकारले नागरिकहरूसित एलपीजी सिलिण्डर बुक गर्नको निम्ति डिजिटल तरिकाहरूको उपयोग गर्ने तथा ग्यास वितरकहरूसम्म अनावश्यक जानदेखि बाँच्न भनेको छ। तेल अनि प्राकृतिक ग्यास मन्त्रालयले बताए अनुसार फरवरी २०२५ देखि हिजसम्म एलपीजी आपूर्ति ५३ प्रतिशतदेखि बढ़ेर ९० प्रतिशत भएको छ। मन्त्रालयले बताएको छ हिज ९० हजारभन्दा अधिक सानो पांच किलोग्रामको एफण्टीण्एल सिलिण्डर बिक्री गरियो। यी साना सिलिण्डर एलपीजी वितरकहरूसित उपलब्ध रहेको छ अनि यसलाई कुनै पनि वैध पहिचान पत्र देखाएर किन्न सकिनेछ। यसको निम्ति कुनै आवासीय ठेकानाको आवश्यकता पर्दैन। मन्त्रालयले बताए अनुसार मार्च २०२६ देखि लगभग ३ लाख ९० हजार पीण्एनण्जी ग्यास कनेक्शन दिइएको छ। यसको अतिरिक्त तीन लाख ९० हजारभन्दा अधिक नया कनेक्शनको निम्ति पंजीकरण गरिएको छ।

## द बुद्ध ट्रेल म्याराथन

रिम्बिकमा द हेल रेसद्वारा आयोजित अनि रिम्बिक नेचर गाइड एसोसिएसनको सहकार्यमा भएको हेल रेस द बुद्ध ट्रेल म्याराथनको ६५ किमी बर्गको बिजेता सिक्किमका निमसाङ लिम्बु बनेका छन्। उहाँले यस दौड ६ घण्टा २९ मिनटमा पुरा गरे। निमसाङ लिम्बु पछि क्रमश सोमबहादुर दोस्रो अनि शान्ति राई तेस्रो बनेका छन्। दौडमा प्रथम बनेपछि निमसाङ लिम्बुले हर्ष व्यक्त गर्दै आफूले यस दौडको निम्ति कडा परिश्रम गरेको बताउनु भयो।

*यसैगरि ३० किमीको पुरुष वर्गमा हेमन्त लिम्बले २ घण्टा १५ मिनटमा पूरा गरेर प्रथम बने। यस वर्गमा बिरबहादुर राई दोस्रो अनि सन्नत सचदेव तेस्रो बने। अर्कोतिर ३० किमीको महिला बर्गमा स्वेता सुनुवारले ४ घण्टा ३४ मिनटमा पूरा गरेर प्रथम बनिन् भने सुदिपता पती दोस्रो अनि लक्ष्मी नायर तेस्रो बने। १२ किमीको पुरुष बर्गमा कर्मा शेर्पाले ५२ मिनट १६ सेकेण्डमा पूरा गरेर प्रथम बने भने पासाङ तामाङ दोस्रो अनि विशन राई तेस्रो बने। महिला बर्गमा विनिता राई प्रथम बनिन् भने मिन्नो लोहानी दोस्रो अनि संगीता प्रधान तेस्रो बनेका छन्। दौड रिम्बिक बजारदेखि शुरु भएर सोही स्थानमा नै अन्त्य भएको थियो। ट्रेलमा कुल ३५० भन्दा बढी धावकहरुले सहभागिता जनाएका थिए। आयोजक पक्षबाट एशोसिएसनका अध्यक्ष सागर प्रधानले ट्रेल सम्पन्न गर्न सहयोग गर्ने वन विभागए होमस्टे एशोसिएसनए रिम्बिकका सम्पूर्ण संघ संस्थाए पुलिस प्रशासनए अमर समाज सानो गैरीगाउँए स्वस्थ विभाग लगायत स्थानीयबासी सबैप्रति आभार प्रकट गर्नु भएको छ। यस आयोजनले क्षेत्रको पर्यटक प्रवर्द्धनमा पनि निकै टेवा पुगेको आयोजक पक्षले बताएका छन्।*

## चुनाव प्रचार

२०२६ को बंगाल विधानसभा चुनाव अघि दार्जिलिङ र कालेबुङ जिल्लाभरी विभिन्न राजनीतिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो चुनावी प्रचार प्रसार अझै तीव्र बनाएका छन्। आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका कालेबुङ चुनाव क्षेत्रका उम्मेदवार रुदेन सादा लेप्चा आफ्नो चुनावी प्रचार प्रसारको क्रममा ४२ नम्बर रेली समथार समष्टि पुग्नु भएको थियो। बिहान रेली बजारबाट सुरु गरिएको समष्टि भ्रमण पाला खोलाटार, स्योक्वीर खानी बजार, सिञ्जी शुक्रबारे बजार, लगायत विभिन्न क्षेत्रसम्म पुगेको थियो। प्रत्येक स्थानमा श्री लेप्चाले स्थानीय जनसाधारणसँग भेटघाट गर्नु भयो। यसरी नै खर्सांग चुनाव क्षेत्रका भागप्रमो उम्मेदवार अमर लामाले मिरिकको १६ सालेमा जनता सँग भेटघाट गर्नु भयोद्य आज भागप्रमो अध्यक्ष अनित थापाले आफ्नो चुनावी अभियानलाई तीव्रता दिँदै सिङ्गेल क्षेत्रमा व्यापक जनसम्पर्क भ्रमण सम्पन्न गर्नु भयो। सिङ्गेलमा आयोजित यस कार्यक्रममा चिया बगानका श्रमिकहरूको उल्लेखनीय उपस्थिति देखिएको थियो। श्री थापाले सिङ्गेलवासीलाई सम्बोधन गर्दै चिया श्रमिकहरूको हकदृअधिकारको विषयलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। युवाहरुलाई रोजगार दिने वाचाको साथमा चुनावी मैदानमा उत्रिएका खरसाङ विधानसभा समष्टिको लागि निर्दलीय उम्मेद्वार मोहन शर्माद्वारा आज खरसाङमा आफ्नो चुनावी प्रचार प्रसार गर्नु भयो। यसै क्रममा श्री शर्माले पत्रकार सम्मेलन आयोजना गरेर आफु कसैको भोट काट्न आएको होइन तर युवाहरुलाई रोजगार दिनु नै आफ्नो प्रमुख प्राथमिकता रहेको बताउनु भएको छ।

## सफाई अभियान

मिरिक नगरपालिका वार्ड नम्बर ६ मा काउले कलेज परिसरमा समाजद्वारा आज सफाई अभियान सञ्चालन गरिएको छ। अभियानमा स्थानीयवासीहरू सक्रिय रूपमा सहभागी भएका थिए। यस क्रममा परिसरको फोहोर संकलनए सरसफाइ र वातावरणीय संरक्षणमा ध्यान दिइएको थियो। आयोजकहरूले यस प्रकारका पहलले समुदायमा स्वच्छता र सार्वजनिक स्वास्थ्यको महत्व बुझाउन सहयोग पुग्ने बताएका छन्।

## पहिरो पिडीत

गत वर्ष आएको पहिरोको कारण मिरिकका धेरै घरहरू पूर्णरूपले क्षतिग्रस्त बनेको थियो। यस्तोमा सरकार अनि सम्बन्धित निकायबाट सहयोग नपाएपछि सीपीएम पार्टीले आफ्नो तर्फबाट तीनवटा घर निर्माण गरेर आज उद्घाटन गरेको छ। घर उद्धघाटन कार्यक्रममा बोल्नु हुँदै सि पि एम जिल्ला कमिटीको पक्षबाट किस्मत तामाङले यस प्रकारले सहयोग गरिदिन सबै अघि आइदिने अनि समुदायमा आपसी सहयोग, सद्भाव र सामाजिक उत्तरदायित्व बढाउने विषयमा जोड दिनु भयो।

**चितुवा तस्कर पक्राउ**

वन विभागले वन्यजन्तुको ठूलो अन्तर्राष्ट्रिय तस्करी सञ्जालको पर्दाफास गरेको छ। सुकना रेन्जका रेन्जर दीपक रसाइलीको नेतृत्वमा सुकना रेन्जको टोलीले हिजो राति मतिगढा मोर बस स्ट्यान्ड नजिकै एशियन हाईवे १० मा अपरेशन गरी एक शंकास्पद व्यक्तिलाई पक्राउ गरेको छ। खोजीको क्रममा उनको झोलाबाट चितुवाको छाला बरामद भएको छ। प्रारम्भिक सोधपुछमा छाला नेपालमा तस्करी भइरहेको खुलासा भएको छ।

**मौसम**

पश्चिम बंगालका धेरै जिल्लाहरूमा बिहीबारसम्म मेघगर्जन सहित वर्षा हुने पूर्वानुमान गरिएको छ। यसले अधिकतम तापक्रममा गिरावट आउने अनुमान गरिएको छ। मौसम विभागले भनेको छ, बंगालको खाडीबाट आर्द्रताको उल्लेखनीय प्रवाह भइरहेको छ जसले गर्दा अप्रिल ५ देखि अप्रिल ९ सम्म राज्यका धेरै भागहरूमा मेघगर्जन र वर्षा हुने सम्भावना छ। फलस्वरूप तापक्रम ३ देखि ४ डिग्री सेल्सियसले घट्ने अनुमान गरिएको छ।

**********